सेन्दाई सिटि

जापान छोड्न लाग्नु भएका बासिन्दाहरुका लागि

# जापान छोड्नु आगाडी कर भुक्तानीको प्रक्रियाको बारेमा ख्याल राखौं

संधै समयमा कर भुक्तान गरी यस शहरलाई सहयोग गर्नु भएकोमा यँहाहरुलाई हृदय देखि धन्यवाद दिन चाहन्छौं। देश छोड्ने योजनामा हुनुभएका ब्याक्तिहरुले कर भुक्तानी तथा यसका प्रक्रियाहरू पूरा गर्नुपर्नेछ। कृपया अधिक जानकारीको लागि आफ्नो उपयुक्त कर विभागमा सम्पर्क गर्नुहोस।

## व्यक्तिगत नगर वा प्रान्त कर, वन तथा पर्यावरण कर सम्बन्धि प्रक्रिया

◇**तपाइले जापान छोडे पनि व्यक्तिगत नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर तिर्नुपर्ने हुन सक्दछ।**

व्यक्तिको नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर, अघिल्लो वर्ष कमाएको आयको आधारमा निर्धारण गरिएको कर भुक्तानीको लागि सूचना प्रत्येक वर्षको जनवरी १ मा आफ् बसोबास गरेको नगर कार्यालय बाट तपाईलाई, आउनेछ| यसकारणले गर्दा, **वर्षको बिचमा जापान छाडेका बासिन्दाहरूले व्यक्तिगत नगर तथा प्रान्त कर, वन तथा पर्यावरण करतिर्नु पर्ने हुन सक्दछ।**

◇**जापान छोड्नु अघि कर भुक्तान प्रक्रिया पूरा गर्न आवश्यक पर्ने व्यक्तिहरू**

◎**जनवरी देखि जून महिना (कर भुक्तानीको सूचना प्राप्त गर्नु अघि) नै जापान छोड्ने व्यक्तिहरु**

तपाईले जापान छोड्नुभएको बर्षको तिर्नुपर्ने नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर भुक्तानीको सूचना त्यस वर्षको जून महिनाको बीचमा पठाईन्छ।

यदि तपाईले अघिल्लो बर्षमा आयको एक निश्चित रकम कमाउनुभएको र नगर प्रान्त कर, वन तथा पर्यावरण कर तिर्न आवश्यक (नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर तिर्न आवश्यक हुनेछ) पर्ने व्यक्तिले चाहिँ, देश छोड्नु अगाडी तपाइको सट्टा जिम्मेवारी रुपमा सम्बन्धित कागजातहरु लिने र भुक्तानी गर्ने आदि का पेश लागि "कर एजेन्ट（※）"= 「**納税管理人**」 राख्ने, अथवा कर भुक्तानी को सुचना आउन अगाडि आफैले "अग्रिम भुक्तानी"= 「**予納**」 गर्न आवश्यक हुन्छ|

※ कृपया "कर एजेन्ट" सम्बन्धि विवरणहरूको लागि पछाडिको पृष्ठ हेर्नुहोस्|

◎**जुन देखि ( कर भुक्तानीको सूचना प्राप्त गरे पछि ) डिसेम्बर भित्रमा जापान छोड्ने व्यक्तीहरु**

यदि तपाइले जापान छोड्नु अघि पूरै रकम भुक्तान गर्नु भएको छ भने, अरु कुनै प्रक्रियाको आवश्यक पर्दैन। तर भुक्तान गर्न बाँकी नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर भएको अवस्थामा भने, आफ्नो बदलामा कर तिरिदिनको लागिको **"कर एजेन्ट"** राख्नुपर्ने आवश्यक पर्दछ।

◇ **कर एजेन्ट कसरी राख्ने**

जापान छोड्नु अघि, **"व्यक्तिगत नगर तथा प्रान्त कर,** वन तथा पर्यावरण कर **भुक्तानी एजेन्ट छनोट, सूचना परिवर्तनको लागी (आबेदन) फारम"** सेन्दाई सिटीको नगर कर बिभागमा पेश गर्नुपर्नेछ।

※यदि सेन्दाई सिटी बाहिरका व्यक्तिलाई कर एजेन्ट रूपमा आवेदन दिंदा, **"व्यक्तिगत नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर भुक्तानी एजेन्ट (चयन / परिवर्तन) [अनुमोदन / अस्वीकृति] फारम "** पेश गर्न आवश्यक पर्दछ।

◇ **अग्रिम भुक्तानी प्रक्रिया**

यो अनुमानित कर अग्रिम रुपमा भुक्तानी गर्ने एक विधि हो| जसमा, जहाँ कर भुक्तानी अधिसूचना पठाउनु भन्दा अघि तपाईंको कर रकमको हिसाब गरेर जापान छोड्नु अघि कर भुक्तान गर्न अनुमति दिईन्छ । यसकोलागि **"अनुमानित कर अग्रिम भुक्तानी आवेदन"** फारम र तपाईंको अघिल्लो वर्षको आय स्थिति यकिन हुने कुनै पनि कागजातहरू, जस्तै कर फिर्ताको प्रतिलिपि वा रोक्का फारम आदिको प्रतिलिपिहरू सेन्दाई सिटीको नगर कर बिभाग मा पेश गर्नु पर्नेछ। हामी तपाईंलाई पछि चिठी मार्फत तिर्नु पर्ने कर रकमको बारेमा सूचित गर्नेछौं । यसलाई जापान छोड्नु भन्दा अघि भुक्तानी गर्नुहोला।

**<व्यक्तिगत नगर तथा प्रान्त कर, वन तथा पर्यावरण कर को प्रक्रिया / सम्पर्क ठेगाना >**

सम्पर्क : **सेन्दाई अर्थ ब्यूरो, कर कार्यालय, नगर कर बिभाग**

ठेगाना : सेन्दाइ सि आवोबा कु फुचुकामाची 1－1 सेन्दाइ सिटि कार्यालय उत्तर भवनको पाँचौ तला

फोन : 022－214－8637（ आवोबा कु ・ इजुमी कु मा बस्ने व्यक्तिहरुका लागि ）

022－214－8638（मियागीनो कु・वाकाबायासी कु・ताइहाकु कु मा बस्ने व्यक्तिहरुका लागि）

※**यदि तपाईसँग सम्पत्तिहरू जस्तै जग्गा र भवन आदिका अचल सम्पत्ति छन् भने**, कृपया पछाडिको पृष्ठको **सम्पति कर तथा शहर योजना करको प्रक्रिया** हेर्नुहोस्|

※**यदि तपाईसँग स्कुटर वा हल्का सवारीसाधन छन् भने**, कृपया पछाडिको पृष्ठको **हल्का सवारीसाधनको कर प्रक्रिया** हेर्नुहोस्|

## सम्पत्ति कर तथा शहर योजना कर को प्रक्रिया

◇**जापान छोड्नु अघि कर भुक्तान प्रक्रिया पूरा गर्न आवश्यक पर्ने व्यक्तिहरू**

सम्पत्ति कर तथा शहर योजना कर चाहिँ, त्यो वर्षको जनवरी १ मा सेन्दाई भित्र भएको अचल सम्पत्ति (जग्गा, घर अथवा राहस हुने सम्पत्ति ) को मालिक लाई त्यो वर्षको कर तिर्नुपर्ने नियम छ। यसको लागि वर्षको बिच्चमा जापान छोड्ने अवस्थामा पनि, त्यो वर्षको जनवरी १ मा सम्पति भएका व्यक्ति हरुले त्यहि वर्ष फर्कने भएपनि कर तिर्नु आवश्यक हुन्छ।

◎**जनवरी देखि अप्रिल (कर भुक्तानीको सुचना आउनु अगाडी) मा जापान छोड्ने व्यक्तिहरु**

सम्पत्ति कर तथा शहर योजना करको सूचना पत्र चाहिँ त्यस वर्षको अप्रिलको शुरुमा पठाउने भएकाले जापान छोड्नु भन्दा पहिला आफ्नो बदलामा कर तिरिदिनको लागिको "कर एजेन्ट" राख्नु पर्ने आवश्यक्ता पर्दछ।

◎**अप्रिल (कर भुक्तानीको सुचना आए पछी) देखि डिसेम्बर मा जापान छोड्ने व्यक्तिहरु**

जापान छोड्नु भन्दा पहिला सबै कर भुक्तानी गरेको भएमा कुनै प्रक्रिया गर्नुपर्ने आवश्यक्ता पर्दैन। तर, नतिरेको सम्पत्ति कर तथा शहर योजना कर भएको अवस्थामा की अर्को वर्षको जनवरी १ मा पनि अझै सेन्दाई भित्र मा सम्पति भैरहेको भएमा आफ्नो बदलामा कर तिरिदिनको लागिको **"कर एजेन्ट"** राख्नु पर्ने आवश्यक्ता पर्दछ।

◇ **कर एजेन्ट कसरी राख्ने ?**

जापान छोड्नु भन्दा अघि, कृपया **"सम्पत्तिकर भुक्तानी एजेन्ट छनोट / परिवर्तन प्रस्तावना (निवेदन) फारम"** सेन्दाई सिटीको सम्पति कर प्रभाग मा पेश गर्नुहोस्।

**<सम्पत्ति कर तथा शहर योजना करको प्रक्रिया तथा सम्पर्क ठेगाना >**

**सम्पर्क : सेन्दाई अर्थ ब्यूरो, कर कार्यालय, सम्पति कर बिभाग**

ठेगाना : सेन्दाई सि आवोबा कु फुचुकामाची 1－1 सेन्दाई सिटि कार्यालय उत्तर भवनको पहिलो तला

फोन : 022－214－8617

◇ **कर एजेन्टको बारेमा**

◎ **कर एजेन्ट भन्नाले**

कर एजेन्ट चाहिँ, कुनै व्यक्ति वा करदाता द्वारा नियुक्त गरिने प्रतिनिधि (अथवा कर्पोरेसन) हो। जो नगरपालिकालाई कर तिर्न जिम्मेवार छ तर सेन्दाई सिटिमा करदाताको ठेगाना वा निवास छैन भने, यस्तो अवस्थामा कर एजेन्टले करदाताको सट्टा करदाताको तर्फबाट कर व्यवस्थापन गर्ने कार्य गर्दछ।

◎ **कर एजेन्टको रुपमा काम गर्न सक्ने व्यक्ति चाहिँ ?**

कर एजेन्ट यस्तो हुनुपर्दछ जसको जापानमा ठेगाना, निवास तथा कार्यालय छ, वा निगमको रुपमा "व्यवसाय" गर्दछ। कर एजेन्ट नियुक्त गर्ने बेलामा सेन्दाई नगर कर योजना विभागलाई सूचित गर्नु पर्दछ।

◎ **कर एजेन्टको भूमिका**

कर एजेन्टले करदाताको तर्फबाट कर मामिलाहरूको प्रबन्ध गर्ने काम गर्दछ। जस्तै कर भुक्तान गर्ने तथा कर भुक्तान

## हल्का सवारीसाधनको कर प्रक्रिया

सूचना सम्बन्धि पत्रहरु भुझिलिने पेश गर्न पर्दछ। यदि तपाईसँग स्कुटर वा हल्का सवारीसाधन छ भने तपाइले जापान छोड्नु भन्दा अघि हस्तान्तरण प्रकिया गर्नुपर्नेछ (आफन्तलाई हस्तान्तरण गर्दा पनि) वा सवारीसाधन फाल्नको लागिको प्रक्रिया पुरा गर्नुपर्नेछ। प्रक्रियाको सम्बन्धि विवरणको लागि कृपया निम्न स्थान सम्पर्क गर्नुहोस्।

**<हल्का सवारीसाधनको करको प्रक्रिया तथा सम्पर्क ठेगाना>**

**सम्पर्क : सेन्दाई अर्थ ब्यूरो, कर विभाग, नगर कर योजना शाखा**

ठेगाना : सेन्दाई सि आवोबा कु फुचुकामाची 1－1 सेन्दाई सिटि कार्यालय उत्तर भवनको चौथो तला

फोन : 022－214－8625